प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# दाना उद्योगलाई अनुदान वितरण कार्यविधि, २०७५

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा "साझेदारीमा आधारित दाना उद्योग स्थापना र सञ्चालन" गर्न बजेटको व्यवस्था भएकोले सो रकम उपयोग गरी प्रदेश नम्बर तीनको विभिन्न जिल्लामा रहेका पशुपालनको प्रचुर संभावना भएको पहाडी क्षेत्र मध्ये दाना उद्योग नभएका तर आवश्यकता महशुस गरिएका स्थानीय तहमा सरकारी-निजी-सहकारी साझेदारीमा यो कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएकोले मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दाना उद्योगलाई अनुदान वितरण कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको साझेदारीमा आधारित दाना उद्योग स्थापना र सञ्चालन सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"दाना उद्योग"** भन्नाले किसानहरुलाई आवश्यक पशुपंक्षीको निमित्त पौष्टिक एवं सन्तुलीत दाना उत्पादन गर्ने कार्यमा सरकारी-निजी-सहकारी संस्था सम्मिलित व्यवसायीक उद्योग सम्झनु पर्छ ।

(घ) **"निजी संस्था"** भन्नाले निजी पशु विकास फार्म/संस्था वा सामूहिक पशु विकास फार्म/ संस्था सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) **"परामर्श दाता"** भन्नाले यस कार्यविधिको दफा ७ अनुसार मन्त्रालयले नियुक्त गरेको एक स्वतन्त्र परामर्शदाता सम्झनु पर्छ ।

(ज) **"भौतिक पुर्वाधार"** भन्नाले दाना उद्योगका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार(भवन, बिजुली, पानी, सडक तथा मेशिनरी औजारहरु) सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ञ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ।

(ट) **"विषय विज्ञ"** भन्नाले पशुपंक्षीको निमित्त पौष्टिक एवं सन्तुलीत दाना सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा मन्त्रालयले आमन्त्रण गरी मूल्याङ्कन समितिसँग सम्बन्धित काम लिन सक्ने सरकारी वा गैह्रसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक ब्यक्तित्व सम्झनु पर्छ।

(ठ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उप महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

(ड) **"सहकारी संस्था"** भन्नाले पशु सेवा उद्देश्य भएका कृषि सहकारी संस्था सम्झनु पर्छ।

(ढ) **"सरकारी निकाय"** भन्नाले मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा स्थानीय तह सम्झनु पर्छ ।

(ण) **"साझेदार संस्था"** भन्नाले दाना उद्योग साझेदारीमा स्थापना र सञ्चालन गर्न चाहने सरकारी-निजी-सहकारी(स्थानीय तह, निजी तथा सामूहिक पशु विकास फार्म, पशु सेवा उद्देश्य भएका कृषि सहकारी तथा कृषि कम्पनीहरु) संस्था सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पहाडी क्षेत्रको स्थानीय तहमा पशुको पौष्टिक एवं सन्तुलीत आहारा उत्पादन गर्न दाना उद्योग स्थापना र सञ्चालन गर्ने,

(ख) कृषि औद्योगिकरण क्रान्तीमा टेवा पुऱ्याउने,

(ग) रोजगारी सृजना गर्ने,

(घ) दूध तथा मासुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न मन्त्रालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने ।

५. अनुगमन तथा मूल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले आवश्कताका अनुसार गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **आर्थिक तथा प्राविधिक अध्ययनः** दाना उद्योग स्थापना र सञ्चालनको लागि विस्तृत डिजाईन ईस्टिमेट तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

७. **प्रस्ताव आह्वानः** दाना उद्योग स्थापना र सञ्चालन गर्न ईच्छुक साझेदार संस्थाबाट सिलबन्दी प्रस्ताव पेश गर्न तिस दिने म्याद दिई राष्ट्रिय/स्थानीय पत्रिकामा मन्त्रालयले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **प्रस्ताव दर्ताः** दफा ७ बमोजिमको समय अवधी भित्र दाना उद्योग स्थापना र सञ्चालन गर्न ईच्छुक साझेदार संस्थाले अनुसूची-३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित निकायले दिएको ईजाजत-पत्र, सम्बन्धित स्थानीय तह र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र एवं अनुसूची-४ बमोजिम आवश्यक कागजातहरु, अनुसूची-५ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र, अनुसूची-६ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव, अनुसूची-७ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना तथा लागत लाभ विश्लेषण तयार गरी मन्त्रालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नु पर्नेछ ।

९. **प्रस्ताव संकलनः** सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दर्ता भएका सिलबन्दी प्रस्तावहरु संकलन गरी सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले यथाशिघ्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. **प्रस्तावको मूल्याङ्कनः** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-८ बमोजिम मूल्याङ्कन फारामको ढाँचा अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी प्रस्तावक साझेदारी संस्थाहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई सिलसिलेवार क्रममा कम्पाईल गर्नेछ र मन्त्रालयमा स्वीकृतार्थ सिफारिस गर्नेछ ।

११. **प्रस्तावको जानकारीः** छनौट भएका प्रस्तावहरुको जानकारी सम्बन्धित साझेदारलाई मन्त्रालयले निर्णय भएको मितिले सात दिन भित्र दिनु पर्नेछ ।

१२. **सम्झौताः** (१) छनौट भएका साझेदार संस्थाहरुसँग दाना उद्योग स्थापना र सञ्चालन गर्नका लागि सम्पूर्ण भौतिक पुर्वाधार निर्माण एवं मेशिनरी उपकरण जडान लगायतका कार्यहरु सञ्चालन गर्ने सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई मन्त्रालयले जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने साझेदार संस्थासँग मन्त्रालयले अनुसूची-९ बमोजिम सम्झौता गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआउने साझेदार संस्थाको स्वतः छनौट रद्द भएको मानि दोश्रो प्राथमिकता प्राप्त साझेदार संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकता प्राप्त साझेदारको संख्या समेत नरहेको अवस्था पर्न आए अनुसूची-२ बमोजिम मन्त्रालयले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(५) सम्झौता अनुरुप उद्योग स्थापना नगर्ने प्रस्तावक साझेदारी संस्थालाई मन्त्रालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(६) दाना उद्योग स्थापना कार्य अधुरो छाडी अन्यत्रै विक्री गरी दुरुपयोग गरेको पाइएमा अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

१३. <u>सामाजिक उत्तरदायित्वः</u> मन्त्रालयबाट अनुदान प्राप्त गर्ने साझेदारी संस्थाले दाना उद्योग स्थापना हुदा रोजगार प्राप्तहरु मध्ये लक्षित समूदाय(महिला, दलित, जनजाती आदी)लाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुन लाग्ने विमा शुल्कको पचास प्रतिशत रकम बहन गर्नु पर्नेछ । उक्त रकम सिधै सम्बन्धित विमा कम्पनीलाई पठाई दिनु पर्नेछ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१४. दाना उद्योग स्थापना र सञ्चालन साझेदार संस्थाहरुसँगको पचास प्रतिशत लागत साझेदारीमा सम्पन्न हुनेछ ।

१५. यस मन्त्रालयले सम्वन्धित पूंजिगत खर्च शिर्षकबाट साझदोरी रकम उपलब्ध गराउन दाना उद्योग स्थापना र संचालन गर्दा विनियोजित बजटेको दुई प्रतिशत बराबर रकम कन्टिन्जेन्सी वापत कट्टा गर्नेछ ।

१६. कन्टिन्जेन्सी वापत कट्टा गरिएको रकम अनुगमन, निरिक्षण, भ्रमण, विषय विशेषज्ञको परामर्श सेवा, समितिको बैठक भत्ता, इन्धन, ममर्त संभार र कार्यालय सञ्चालन प्रयोजनका लागि खर्च गरिने छ ।

१७. यस मन्त्रालयले साझेदारी संस्थासँग द्विपक्षिय सम्झौता गर्दा दाना उद्योग स्थापना र संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो, सो रकम कुन विधीबाट भुक्तानी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

१८. अनुदान रकमको भुक्तानी कार्य-सम्पादन प्रगतिको आधारमा दुई किस्तामा सम्बन्धित साझेदारी संस्थाको बैंक खातामा दिईने छ वा साझेदारी संस्थाले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि मन्त्रालय समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्तामा वा साझेदारी संस्थाले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी मनेत्रालयले बैङ्क खाता मार्फत गर्नेछ ।

१९. सम्बन्धित साझेदारी संस्थाले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात यस मन्त्रालयले स्थलगत निरिक्षण गरी मनासिब ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

२०. साझेदारी संस्थाले मेसिनरी उपकरण, ढुवानीका साधन तथा अन्य सामानहरु खरिद गर्दा स्पेसिफिकेसन(निर्मित कम्पनी, देश, फर्म र दरभाउ), आधिकारिक भ्याट/प्यान वाला सम्बन्धी कार्यक्रम पेश गरी स्वीकृत भए पश्चात मात्र खरिद गर्नु पर्नेछ ।

२१. दाना उद्योग स्थापना र सञ्चालन सम्वन्धी लागत अनुमानको विश्वसनियता जाँच एवं स्थलगत प्रमाणिकरणका लागि मान्यता प्राप्त नेपाल ईञ्जिनियरिङ्ग परिषदमा दर्ता भएको र यस क्षेत्रमा न्युनतम दुई वर्षको अनुभव भएको ईञ्जिनियरबाट परामर्श सेवा लिईने छ ।

२२. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवार विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।

२३. उद्योगका लागि आवश्यक पर्ने कम्तीमा तपशील अनुसारका भौतिक सुधार तथा उपकरणहरु स्पेसिफिकेसन तथा अनुमानित लागतका आधारमा सहकार्यमा प्राप्त अनुदान रकमले खरिद गर्नु पर्नेछः-

(क) ग्रेन्डर,
(ख) मिक्स्चर,
(ग) फिड एडिटेटिभ मिक्स्चर,
(घ) कच्चा पदार्थ (फिड ईन्ग्रेडिएन्ट्स) स्टोरेज ट्याङ्कर,
(ङ) दाना उद्योग स्थापना (शुरुमा कम्तीमा दैनिक दुई टन उत्पादन हुनु पर्नेछ।),
(च) थ्रि फेज लाईन,
(छ) ७.६५ के.भी.को जेनेरेटर,
(ज) गिन्री ब्याग सुईङ्ग मेशिन,
(झ) दाना भण्डारण गर्ने कोठा,

(ञ) दाना ढुवानी साधन,

(ट) दाना जोख्ने तराजु,

(ठ) दाना विश्लेषण प्रयोगशाला आदिमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद -५
## मापदण्ड

२४. **मापदण्डका आधारहरुः** (१) साझेदारी संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) दाना उद्योग नभएको स्थानीय तहमा सञ्चालन गर्न आवश्यक हुनु पर्नेछ ।

(ख) पचास प्रतिशत लागत साझेदारीमा दाना उद्योग स्थापना गर्न साझेदारी संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ग) सकेसम्म आफ्नै स्वामित्वमा जग्गा भएका साझेदारी संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदारी संस्थाले सरकारी जग्गा (स्कुल, गाउँपालिका, नगरपालिका, गुठी आदिको) वा निजी जग्गा कम्तीमा विस वर्षको लागी भाडामा लिएको हुनु पर्नेछ । यस्तो जग्गा कम्तीमा छ रोपनी हुनु पर्नेछ ।

(घ) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यता, सम्भाव्य स्थलको फोटो र कच्चा पदार्थको उपलब्धताको अध्ययन गरेर प्रस्थावकलाई प्राथमिकता दिनु पर्नेछ ।

(ङ) प्रस्तावक साझेदारी संस्थाले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यावसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ।

(च) प्रस्तावक साझेदारी संस्थाले उद्योग स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालन गरेको हुनु पर्नेछ ।

(छ) प्रस्तावक संस्थाले प्रस्तावको साथमा व्यावसायीक कार्य योजना पेश गर्नु पर्नेछ।

(ज) प्रस्तावक साझेदारी संस्थाको चालु पूंजी (जग्गा वाहेक) कम्तीमा रुपैयां एक करोड हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

२५. **प्रगति पठाउने प्रकृयाः** (१) दाना उद्योग स्थापना गर्ने साझेदारी संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले मन्त्रालयमा पठाउनु पर्नेछ।

२६. <u>कार्यक्रमको प्रभावकारीता:</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२७. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२८. <u>वचाउः</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

अनुसुची -१

(दफा ७ सँग सम्बन्धित)

<u>प्रस्ताव आह्वान</u>

प्रथम पटक प्रकाशित मितिः ....................

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सरकारी-निजी-सहकारी संस्थासँगको पचास प्रतिशत लागत साझेदारीमा दाना उद्योग स्थापना र सञ्चालन गर्ने भएको हुँदा साझेदारी गर्न इच्छुक स्थानीय तहमा रहेका साझेदारी(सरकारी-निजी-सहकारी) संस्थाहरुले यो सूचना प्रकाशित भएको तिसौं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी अनुसूची-३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित निकायले दिएको ईजाजत-पत्र, सम्बन्धित स्थानीय तह र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र एवं अनुसूची-४ बमोजिम आवश्यक कागजातहरु, अनुसूची-५ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र, अनुसूची-६ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव, अनुसूची-७ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना तथा लागत लाभ विश्लेषण तयार गरी मन्त्रालयमा वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

## अनुसूची -२

(दफा १२को उपदफा (४) सँग सम्बन्धित)

**पुनः प्रस्ताव आह्वान**

प्रथम पटक प्रकाशित मितिः .....................

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पचास प्रतिशत लागत साझेदारीमा दाना उद्योग स्थापना र सञ्चालन गर्न दफा ८ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकता प्राप्त साझेदारको संख्या समेत नरहेको अवस्था पर्न आएकोले लागत साझेदारी गर्न इच्छुक स्थानीय तहमा रहेका साझेदारी(सरकारी-निजी-सहकारी) संस्थाहरुले यो दोश्रो पटक प्रकाशित सूचना अनुसार पन्ध्रौं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तोकिएको ढाँचामा अनुसूची-३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित निकायले दिएको ईजाजत-पत्र, सम्बन्धित स्थानीय तह र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र एवं अनुसूची-४ बमोजिम आवश्यक कागजातहरु, अनुसूची-५ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र, अनुसूची-६ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव, अनुसूची-७ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना तथा लागत लाभ विश्लेषण तयार गरी मन्त्रालयमा वा सम्बन्धित कार्यालय(भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र)मा कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन पुनः प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

**प्रस्ताव पेश गर्न दिईने आवेदन**

मितिः

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः **प्रस्ताव पेश गरिएको बारे ।**

महोदय,

तहाँ मन्त्रालयले मिति ............ गते ..... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सरकारी-निजी-सहकारी संस्थाहरुसँगको पचास प्रतिशत लागत साझेदारीमा दाना उद्योग स्थापना र सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई अनुसूची-४ अनुसारको कागजात यसैसाथ संलग्न गरी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

**आवेदक**

दस्तखतः
मितिः
नामथरः
पदः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -४
### (दफा ८ सँग सम्बन्धित)
### आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु

(१) आवेदन साथ सरकारी-निजी-सहकारी साझेदारी संस्था सञ्चालक समितिको बैठकले दाना उद्योग स्थापना गर्न गरेको निर्णय प्रतिलिपी ।

(२) दाना उद्योग स्थापना र सञ्चालन गर्न सम्वन्धित स्थानीय तहको ईजाजत-पत्र ।

(३) मन्त्रालयले तोकेको ढाँचामा तयार गरिएको प्रस्ताव-पत्र ।

(४) दाना उद्योगको संक्षिप्त व्यावसायिक कार्य योजना ।

(५) प्रदेश मन्त्रालयसँग कम्तीमा पचास प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र ।

(६) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।

(७) भाडामा लिएको जग्गाको हकमा कम्तिमा विस वर्षको करारनामा वा सम्झौता गरिएको पत्र।

(८) निजी-सहकारी संस्था दर्ता प्रमाणित प्रतिलिपि ।

(९) स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि ।

(१०) कार्यक्रम कार्यान्वयन वर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाणित प्रतिलिपी।

(११) दाना उद्योग स्थापना र सञ्चालन गर्न अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणित गर्ने कागजात ।

(१२) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

(१३) प्रस्तावक निजी-सहकारी संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता र सम्बन्धित विययमा तालिम लिएको प्रमाण-पत्रको प्रमाणित प्रितलिपी ।

(१४) सहकारी संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) आदी ।

## अनुसूची -५
(दफा ८ सँग सम्बन्धित)

**लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र**

मितिः

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ३, हेटौंडा ।

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गरिएको बारे ।

महोदय,

तहाँ मन्त्रालयको मिति ........ गते ........ राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सरकारी-निजी-सहकारी संस्थासँगको लागत साझेदारीमा दाना उद्योग स्थापना र सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो सरकारी-निजी-सहकारी संस्थाले कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कुल लागत रु. ................ को पचास प्रतिशतले हुन आउने रकम रु. ............... मध्ये अन्य निकायबाट रु. ................ अनुदान प्राप्त हुने भएकोले नपुग रकम रु. .................. (अक्षरुपी रुपैयाँ ............................ मात्र) हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने सरकारी-निजी-सहकारी संस्था सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं ।

**जिम्मेवार पदाधिकारीको**

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -६

(दफा ८ सँग सम्बन्धित)

**प्राविधिक तथा आर्थिक प्रस्ताव-पत्र**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | आवदेकको ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको ईमेल तथा वेवसाईट | |
| ७ | संस्था दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्था दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | |
| १० | भ्याट/पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | सम्बन्धित कार्यालयसँग माग गरेको रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्नेः | | | | | | | |
| | भवन संख्या | | मेशिन संख्या | | सवारी सा. संख्या | | उपकरण संख्या | |
| | किसिम | | किसिम | | किसिम | | किसिम | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | |
|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या: | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण: |
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कृयाकलाप कार्यान्वयन योजना: | | | | | | | | | | | | |
| | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |
| १९.५ | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |
| २०.५ | | |

| | | |
|---|---|---|
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |
| २०.५ | | |

| | |
|---|---|
| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
| २२.१ | |
| २२.२ | |

| | | | |
|---|---|---|---|
| २३ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी  रकम रु. | | |
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | | |
| | अनुभव तथा तालिमहरु | | अवधी |
| २४.१ | | | |
| २४.२ | | | |
| २४.३ | | | |
| २४.४ | | | |
| २४.५ | | | |
| २५ | प्रस्तावकसँग विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २५.५ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरुः | | |
| २६.१ | | | |
| २६.२ | | | |
| २६.३ | | | |
| २६.४ | | | |
| २६.५ | | | |
| २७ | वातावरणिय असर न्यूनिकरणको लागी अपनाईने उपायहरुः | | |
| २७.१ | | | |
| २७.२ | | | |
| २७.३ | | | |
| २७.४ | | | |
| २७.५ | | | |
| २८ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | मन्त्रालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँद छु/छौं ।

प्रस्तावक सरकारी-निजी-सहकारी संस्थाको जिम्मेवार पदाधिकारीको तर्फबाटः

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छापः | |

## अनुसूची -७
### (दफा ८ सँग सम्बन्धित)
### संक्षिप्त व्यावसायीक कार्ययोजना तथा लागत लाभ विश्लेषणमा प्रष्टाउनु पर्ने बुंदाहरु

१. **पृष्ठभूमी:** यसमा प्रष्टाउनु पर्ने बुंदाहरु तपशिल बमोजिम हुनेछः-

(क) दाना उद्योग शुरु गर्नु पर्नाको कारण र समग्र परिस्थिती,

(ख) खपत गर्न सकिने दानाको परिमाण,

(ग) दाना उद्योगको संक्षिप्त परिचय,

(घ) साझेदारीमा आधारित दाना उद्योग के-कसरी स्थापना र सञ्चालन गरिने छ,

(ङ) विद्यमान पूर्वाधारहरुमा भौतिक, वित्तिय र प्राविधिक क्षमता बारे वर्णन गर्ने ।

२. **दिर्घकालिन सोंच, उद्येश्य र महत्वः** (१) प्रस्तावित दाना उद्योगबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने ।

(२) प्रस्तावित दाना उद्योगले हासिल गर्ने तात्कालिन उद्देश्यहरु उल्लेख गर्ने ।

(३) दाना उद्योग संचालनबाट स्थानीय एवं राष्ट्रिय स्तरमा हासिल हुने प्रत्यक्ष/अप्रत्यक्ष लाभ उल्लेख गर्ने ।

३. **संभाव्यता विश्लेषणः** (१) व्यवसायीक योजना देहाय बमोजिम गर्नेः-

(क) उत्पादन योजना (के, कती र कसरी उत्पादन गर्ने योजना छ उल्लेख गर्ने)।

(ख) कच्चा पदार्थको उपलब्धता (दाना उद्योगको लागी के, कती कच्चा पदार्थको आवश्यकता पर्दछ उक्त कच्चा पदार्थ कहाँबाट र कसरी प्राप्त गरिन्छ उल्लेख गर्ने) ।

(ग) उत्पादन हुने बस्तु र परिमाण (दाना उद्योग सञ्चालनमा आए पश्चात दैनिक रुपमा उत्पादन हुने सेवा र दानाको परिमाण उल्लेख गर्ने) ।

(घ) प्रबिधि प्रयोगको सम्भाव्यता (दाना उत्पादनका लागि आवस्यक पर्ने प्रविधि, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चत गरिन्छ उल्लेख गर्ने) ।

(२) बजारिकरण योजना (उत्पादित दानाको सम्भावित बजार, विक्री योजना, गुणस्तर व्यवस्थापन र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने) ।

४. **व्यवस्थापन योजनाः** (१) व्यवस्थापनको उच्च तहमा रहने पदाधिकारीहरुको विवरण तपशिल अनुसार उल्लेख गर्नेः-

| क्र.सं. | पद | नामथर | शैक्षिक योग्यता | तालीम/अनुभव | उद्योगमा निजको भूमिका |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

५. <u>वातावरणिय प्रभाव/असरको विश्लेशण:</u> (१) दाना उद्योग स्थापना र सञ्चालनले वातावरणमा पार्ने सकारात्मक प्रभावहरु उल्लेख गर्ने ।

(२) दाना उद्योग स्थापना र सञ्चालनले वातावरणमा पार्ने नकारात्मक असरहरु आंकलन गर्ने ।

(३) दाना उद्योग स्थापना र सञ्चालनले वातावरणमा पार्ने नकारात्मक असर न्युनिकरणका लागी के-कस्ता उपायहरु अवलम्बन गरिनेछ उल्लेख गर्ने ।

६. <u>लाभग्राही विश्लेशण:</u> (१) लैगिक र सामाजिक विश्लेषण तपशिल बमोजिम गर्नेः-

| लाभग्राही | लाभग्राही संख्या | लैगिक विश्लेषण | | सामाजिक वर्गिकरण | | |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | दलित | जनजाती | अन्य |
| प्रत्यक्ष | | | | | | |
| अप्रत्यक्ष | | | | | | |
| जम्मा | | | | | | |

(२) लाभग्राहीले लाभ प्राप्त गर्ने तरिका उल्लेख गर्ने ।

१. लागत लाभ विश्लेषणः (१) तपशिल बमोजिमको श्रेस्ता पूर्वानुमानको आधारमा विश्लेषण गर्नेः-

| क.सं. | अनुमानित आम्दानी/खर्चको विवरण | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. |
| | **पूंजिगत खर्च** | | | | | | | | | | | | |
| १ | भौतिक निर्माण | | | | | | | | | | | | |
| २ | मेशिनरी/औजार/उपकरण खरिद | | | | | | | | | | | | |
| **क)** | **कुल पूंजिगत खर्च** | | | | | | | | | | | | |
| | **चालु खर्च** | | | | | | | | | | | | |
| १ | उत्पादन लागत | | | | | | | | | | | | |
| १.१ | कच्चा पदार्थ/समाग्री खरिद | | | | | | | | | | | | |
| १.२ | कच्चा पदार्थ भित्र्याउन ढुवानी खर्च | | | | | | | | | | | | |
| १.३ | श्रमिक/ज्यामी/ज्यालादारी ज्याला भुक्तानी | | | | | | | | | | | | |
| १.४ | ......................... | | | | | | | | | | | | |
| २ | उपभोग तथा प्रशासनिक खर्च | | | | | | | | | | | | |
| २.१ | तलब, भत्ता तथा अन्य सुविधा भुक्तानी | | | | | | | | | | | | |
| २.२ | घर/मेशिन/औजार/उपकरणको भाडा भुक्तानी | | | | | | | | | | | | |
| २.३ | पानी, बिजुली, टेलिफोनको महशुल भुक्तानी | | | | | | | | | | | | |
| २.४ | मर्मत सम्भार भुक्तानी | | | | | | | | | | | | |
| २.५ | बिक्री वितरण, विज्ञापन तथा प्रसार खर्च | | | | | | | | | | | | |
| ३ | ब्याज (Interest on Loan & Shared Capital) भुक्तानी("च" ब्याज लाग्ने खर्चको ... प्रतिशत/वर्षका दरले) | | | | | | | | | | | | |
| **ख)** | **कुल चालु खर्च** | | | | | | | | | | | | |

| क.सं. | अनुमानित आम्दानी/खर्चको विवरण | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. |
| ग) | खुद खर्च (Net Expenditure) (क+ख) (ब्याज लाग्ने/नलाग्ने सबै खर्चको जम्मा) | | | | | | | | | | | | |
| | ब्याज लाग्ने खर्च पत्ता लगाउन गरिएको विश्लेषण: | | | | | | | | | | | | |
| | ब्याज रहित अनुदान रकमहरुबाट गरिएको खर्च | | | | | | | | | | | | |
| १ | मन्त्रालयबाट प्राप्त कुल लागतको ५०% अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| २ | स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| ३ | अन्य निकायबाट प्राप्त अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| घ) | कुल अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| ङ) | आफ्नै संस्थाबाट ब्यहोरिने रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| च) | ब्याज लाग्ने रकमबाट गरिएको खर्चको जम्मा (ग-घ-ङ) | | | | | | | | | | | | |
| | आम्दानी विवरण: | | | | | | | | | | | | |
| १ | उत्पादित दाना विक्री | | | | | | | | | | | | |
| २ | सहायक उत्पादन विक्री | | | | | | | | | | | | |
| छ) | कुल आम्दानी (Gross Income) | | | | | | | | | | | | |
| ज) | खुद मुनाफा (Net Profit) (छ-ग) | | | | | | | | | | | | |
| झ) | कुल मुनाफा (Gross Profit) (छ-ख) | | | | | | | | | | | | |
| ञ) | खुद बचत (Net Saving) (ज-च) | | | | | | | | | | | | |
| ट) | डिस्काउण्टेड आम्दानी [छ-(१+ब्याज%)×वर्ष] | | | | | | | | | | | | |
| ठ) | डिस्काउण्टेड खर्च [ग-(१+ब्याज%)×वर्ष] | | | | | | | | | | | | |

आवेदकको हस्ताक्षर र मितिः नामथरः पदः संस्थाको नाम र ठेगानाः संस्थाको छापः

अनुसूची -८

(दफा १० सँग सम्बन्धित)

## मूल्याङ्कन फारम

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सन्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत अनुगमन गरिएको मितिः

६. स्थलगत अनुगमनमा संलग्न पदाधिकारीहरुको विवरणः

| क्र.सं. | पद | नामथर | कार्यरत निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

७. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | सहकारी संस्था दर्ता मिति | ४ | |
| २ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | बिजुली सुविधा भएको | २ | |
| २.३ | पानीको सुविधा भएको | २ | |
| २.४ | जग्गाको स्वामित्व आफ्नै भएको | ८ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र, उपकरण भएको | ४ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालीम (स्थायी कामदारहरुको मात्र) | १० | |
| ३.१ | ७ दिन अवधीसम्मको तालीम | २ | |
| ३.२ | ७ देखी १५ दिने अवधिसम्मको तालिम | ४ | |
| ३.३ | १६ देखी ३० दिने अवधिसम्मको तालिम | ६ | |
| ३.४ | १ महिना दखी ३ महिना अवधिसम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधीको तालिम | १० | |
| ४ | वित्तिय क्षमता | १० | |
| ४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | ५ | |
| ४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | ५ | |
| ५ | प्रत्यक्ष लाभाविन्वत संख्या | ५ | |

| | | | |
|---|---|---|---|
| ६ | वातावरणिय उपयुक्तता | ६ | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | अन्य पक्षहरु | २० | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिति र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको विवरण | ५ | |
| ७.३ | भईरहेको व्यवसाय नभई लगानी गर्न खोजिएको नयाँ व्यवसाय | १० | |
| ८ | स्विकृत कार्यविधी अनुसारको थप आधारहरु | २५ | |
| ८.१ | संस्थाको किसिम र सूचना मुताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | १० | |
| ८.२.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | |
| ८.२.२ | आर्थिक प्रस्ताव गुणस्तर | ५ | |
| ८.३ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.३.१ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फर्म्याट | ३ | |
| ८.३.२ | कार्ययोजनाको विवरण | २ | |
| ८.४ | मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन | २ | |
| ८.५ | पेश भएका विवरणहरुको विश्वसनियता | ३ | |
| ८.५.२ | स्थानीय निकायको अनुमती-पत्र | १ | |
| ८.५.४ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| ८.५.५ | आधिकारिक निकायमा दर्ता प्रमाण-पत्र | १ | |
| | जम्मा | १०० | |

**८. प्रस्तावकसँग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरणः**

| क्र.सं. | विवरण | ईकाई | परिमाण | सामानको अवस्था |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**९. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः**

क)

ख)

**१०. स्थलगत अनुगमन टोलीको रायः**

| क्र.सं. | पद | राय दिनेको नामथर | राय | | दस्तखत |
|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | |
| १ | | | | | |
| २ | | | | | |

अनुसूची -९

(दफा १३को उपदफा (२)सँग सम्बन्धित)

<u>द्विपक्षिय संझौता-पत्र</u>

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सरकारी-निजी-सहकारी संस्थासँगको पचास प्रतिशत लागत साझेदारीमा दाना उद्योग स्थापना र सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी दाना उद्योग स्थापना र सञ्चालनका लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

**तपशिलः**

(१) प्रथम पक्षले लागत साझेदारीमा आधारित दाना उद्योग स्थापना र सञ्चालन सम्बन्धी कार्यक्रमको लागि विनियोजित रु. .................... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रकम रु. ......................... कट्टा गरी दोश्रो पक्षलाई रु. .................. (अक्षरेपी रुपैंया ....................................) बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) प्रथम पक्षले कन्टिन्जेन्सी वापत कट्टा गरिएको रकम अनुगमन, निरिक्षण, भ्रमण, विषय विशेषज्ञको परामर्श सेवा, समितिको बैठक भत्ता, इन्धन, ममर्त संभार र कार्यालय सञ्चालन प्रयोजनका लागि खर्च गरिने छ ।

(३) दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी प्रदेश नं. ३को .................. नगरपालिका /गाउँपालिका, ....... नं. वडाको .................... भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

(४) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(५) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।

(७) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

(८) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(९) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(१०) दोश्रो पक्षले दाना उद्योग स्थापना र सञ्चालन हुँदा रोजगार प्रासहरु मध्ये लक्षित समूदाय(महिला, दलित, जनजाती आदी)लाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुन लाग्ने विमा शुल्कको पचास प्रतिशत रकम बहन गर्नु पर्नेछ । उक्त रकम दोश्रो पक्षले सिधै सम्बन्धित विमा कम्पनीलाई पठाई दिनु पर्नेछ ।

(११) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(१२) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्मन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(१३) दोश्रो पक्षले सम्झौता अनुरुप उद्योग स्थापना नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ।

(१४) दोश्रो पक्षले दाना उद्योग स्थापना कार्य अधुरो छाडी अन्यत्रै विक्री गरी दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गर्नेछ ।

(१५) कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१६) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**<u>दोस्रो पक्षको तर्फबाटः</u>**

हस्ताक्षरः
नामः
पदः
संस्थाः
संस्थाको छापः

**<u>प्रथम पक्षको तर्फबाटः</u>**

हस्ताक्षरः
नामः
पदः
मन्त्रालयः
मन्त्रालयको छापः

**<u>रोहवर</u>**

हस्ताक्षरः
नामः
पदः
संस्थाः
संस्थाको छापः

हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।